नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मोवाईल खाद्य प्रयोगशाला भ्यान प्रयोग गरी खाद्य पदार्थको निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

## मितिः २०८१/०६/१६

आज मिति २०८१/०६/१६ गते देखि यस विभागले विभाग परिसरमा रहेको मोवाइल खाद्य प्रयोगशाला भ्यान प्रयोग गरी वजार अनुगमन निरिक्षण तथा स्थलगत खाद्य परिक्षण कार्यको शुरु गरेको छ। विभागमा आयोजित घुम्ति खाद्य प्रयोगशाला भ्यान पुनः सन्चालन तथा सो प्रयोगशाला भ्यान अवलोकन कार्यक्रम विच कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननिय मन्त्री रामनाथ अधिकारीज्यू तथा श्रीमान् सचिव डा गोविन्द प्रसाद शर्माज्यूबाट मोवाइल खाद्य प्रयोगशाला भ्यानको अवलोकन गरी तत्काल संचालन गर्न निर्देशन दिए संगै उक्त मोवाइल भ्यान संचालनमा आएका हुन। वि. स. २०७५ सालमा विभागवाट खरिद भई विगतमा देशमा विभिन्न भागहरुमा संचालन गरि खाद्य निरीक्षण अनुगमन गर्ने कार्य गरेका उक्त भ्यानहरु प्राविधिक कारणले लामो समयसम्म संचालनमा आउन सकेका थिएनन्। यस प्रयोगशाला भ्यानहरु आगामी दिनमा नियमित रुपमा संचालन हुने समेत जानकारी गराईन्छ।

विभागमा रहेका दुई मोवाइल खाद्य प्रयोगशाला भ्यानहरुले काठमाण्डौका विभिन्न १३ खाद्य व्यवसायहरुको निरीक्षण अनुगमन गरी खाद्य पदार्थको स्थलगत परिक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ वमोजिम कारवाही गरेको छ। यस दौरान भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्ट स्टोर प्रा.लि., का.म.न.पा -३२, कोटेश्वर; शालिमार हस्पिटालिटी एण्ड फुड्स प्रा.लि., कोटेश्वर शाखा (गुलाब), कुण्ड पानी प्रशोधन उद्योग, पाटन औद्योगिक क्षेत्र, ललितपुर, Quality Water and Beverage Pvt.Ltd., पाटन औद्योगिक क्षेत्र, ललितपुर, श्री नवप्रभात डेरी प्रा.लि., पाटन औद्योगिक क्षेत्र, ललितपुर राजधानी डेरी प्रा.लि., पाटन औद्योगिक क्षेत्र, ललितपुर, संयुक्त डेरी प्रा.लि., पाटन औद्योगिक क्षेत्र, ललितपुर मा निरिक्षण अनुगमन गरी नमूना समेत परिक्षण गरिएको छ। यसै गरी लगनखेल क्षेत्रका विभिन्न किराना पसलहरबाट दुध, तेल तथा फ्रुटजुसहरुका नमूना समेत परिक्षण गरेको छ।

यस सिलसिलामा पानी प्रशोधन गर्ने अन्नपूर्ण इन्डस्ट्रिज, पाटन औद्योगिक क्षेत्र, ललितपुर उद्योगको भण्डारकक्षमा रहेको १२x१ लिटरको १०५० कार्टुन प्रशोधित पिउने पानी मध्ये २५ कार्टुन (१२x१ लिटर) को लेबलमा उत्पादन मिति, ब्याच नं. र बिक्री मुल्य उल्लेख नगरेको पानी नष्ट गरिएको। प्रशोधित पिउने पानीको थप विश्लेषण परिक्षणका लागि १ थान नमुना संकलन गरिएको छ। लेबल विवरण पुरा उल्लेख नगरेको प्रशोधित पिउने पानी बजारबाट फिर्ता गरी सोको जानकारी विभागमा गराउन निर्देशन दिनुका साथै खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीको लागि अगाडि बढाएको छ।

तिनकुने काठमाण्डौ स्थित हेवन टिमुर थकाली रेष्टुरेण्टमा सरसफाई सन्तोषजनक नरहेको, फ्रिजमा अव्यवस्थित रुपमा खाद्य पदार्थ भण्डारण गर्ने गरेको र ड्रेनेज फोहोर रहेको पाइएको साथै होटलमा प्रयोग गरिएको प्रशोधित पिउने पानीको जार परिक्षण गर्दा Ammonia देखिएकोले उक्त ९ जार पानी नष्ट गरी ऐन वमोजिमको कारवाहीको लागी नमूना संकलन गरिएको छ। साथै सो पानी प्रशोधन तथा प्याकिङ्ग गर्ने उत्पादन उद्योगको निरीक्षण अनुगमन तथा नमूना संकलन गरी ऐन बमोजिम कारवाही अगाडी बढाईनेछ। यसै गरि ॐ सहयोगी नेपाल स्विट्स सेन्टर, तिनकुने काठमाडौंमा मसिजन्य कागजमा राखिएको २० थान समोसा नष्ट गरिएको र खाद्य पदार्थको सिधै सम्पर्कमा आउने गरि मसिजन्य कागजको प्रयोग नगर्न निर्देशन दिईएको छ।

मोवाईल खाद्य प्रयोगशाला भ्यान प्रयोग गरी निम्न बमोजिमका २२ वटा खाद्य पदार्थको नमूनाहरु विश्लेषण परिक्षण गरिएको छ।

१. दुध - ७ वटा नमूना (Neutralizer परिक्षण)
२. प्रशोधित पिउने पानी – २ वटा नमूना (pH, TDS, Ammonia परिक्षण)
३. फ्रुटजुस – २ वटा नमूना (TSS परिक्षण)
४. मिठाई – २ वटा नमूना (Starch, Colour परिक्षण)
५. तेल तथा घ्यू – २ वटा नमूना (Refractive Index परिक्षण)
६. टोमाटो केचप – १ वटा नमूना (TSS परिक्षण)
७. तार्न प्रयोग गरिएको तेल – ४ वटा नमूना (Total polar materials परिक्षण)

मोहन कृष्ण महर्जन
प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
२०८१/०६/१६